नेपालको अर्थ राजनीति र प्राकृतिक संसाधनहरूको दोहन (२)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६१ ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २५६ ❑ २०८३ असोज २० गते मंगलबार ❑ Tuesday, 06 Oct. 2026 ❑ मूल्य ७ /-

भूमिहीन समस्या समाधान गर्न हजार दिनको लक्ष्य : प्रधानमन्त्री शाह

दमक । प्रधानमन्त्री बालेन्द्र शाहले भूमिहीन सुकुम्बासीको समस्या समाधानका लागि सरकारले एक हजार दिनभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित प्रक्रिया अघि बढाएको बताएका छन् । सामाजिक सञ्जालमार्फत भूमिसम्बन्धी सरकारको प्राथमिकता र आगामी कार्यदिशा सार्वजनिक गर्दै शाहले अहिलेसम्म देशभर ५ हजार ७३७ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) वितरण भइसकेको जानकारी दिएका हुन् ।

प्रधानमन्त्री शाहका अनुसार भूमि समस्या समाधान समितिमार्फत देशभरका तथ्यांक एकीकृत रूपमा संकलन र प्रशोधन भइरहेको छ । हालसम्म प्रणालीमा १३ लाख ११ हजार १९७ निवेदन प्रविष्ट भएका छन् । ती निवेदनको अध्ययन तथा प्रमाणीकरणको काम अघि बढाइएको र प्राथमिकताका आधारमा समस्या समाधानतर्फ सरकार अघि बढेको उनले बताएका छन्।

शाहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा लालपुर्जा नभएका स्वबासीलाई लक्षित गर्दै प्रक्रिया अघि बढाइएको बताएका छन् । बाँकी ४ पेजमा ▸▸

भारत जाने तयारीमा गृहमन्त्री

दमक/ गृहमन्त्री सुधन गुरूङ असोज २६ गते भारत जाने भएका छन् । गृह मन्त्रालयका अनुसार गृहमन्त्री गुरूङ बंगालको खाडी बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोग पहल (बिमस्टेक) को बैठकमा सहभागी हुन भारत जान लागेका हुन् । गृहमन्त्री नियुक्त भएपछि गुरूङको यो पहिलो विदेश भ्रमण हुनेछ ।

झलनाथले छाडे नेकपा

दमक/ पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता झलनाथ खनालले पार्टी परित्याग गरेका छन् । नेकपाको नेतृत्व र कार्यदिशाप्रति तीव्र असन्तुष्टि जनाउँदै खनालले छुट्टै राजनीतिक यात्राको शुरूआत गरेका छन् । नेकपा परित्याग गर्दै उनले आ ँनै अगुवाइमा 'समाजवादी जागरण अभियान' सञ्चालन गर्ने भएका छन् । पार्टी नेतृत्वले क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशा छाडेको र कार्यकर्ता तहमा असन्तुष्टि चुलिएको भन्दै खनालले सोमबार काठमाडौंमा आयोजित विशेष भेलामार्फत् अभियानको औपचारिक घोषणा गरेका हुन् ।

हतियार सहित भारतीय नागरिक पक्राउ

झापा/ काँकडभिट्टा नाका हुँदै नेपालमा हतियार भित्र्याउन खोज्ने भारतीय नागरिक सीमावर्ती पानीट्यांकीस्थित नयाँ मेची पुलमा पक्राउ परेका छन् ।

भारतबाट नेपालतर्फ आउँदै गरेको एसके २ एचु४८०० नम्बरको सवारी साधनलाई चेकजाँच गर्दा गाडीमा सवार सिक्किमका बासिन्दा ताशी पाल्की भुटियाको झोलाबाट ०.३२ क्यालिबरको एक थान पेस्तोल, दुई वटा म्यागजिन, ७.६५ एमएमका ४९ थान गोली तथा एक थान खोका बरामद भएको थियो ।

कांग्रेस महाधिवेशन : तीन क्लस्टरमा कांग्रेसको बन्दसत्र

◆ १७१ सदस्य निर्वाचित हुने ◆ नयाँ संरचनाको प्रस्ताव ◆ २३२ सदस्यीय केन्द्रीय समिति

पूर्वसन्देश समाचार

दमक/ नेपाली कांग्रेसको १५ औँ महाधिवेशनको बन्दसत्र शुरु भएको छ । गत पुसमा भएको दोस्रो विशेष महाधिवेशनबाट गठित नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकको अन्तिम बैठकले बन्दसत्रमा पेश गर्ने एजेन्डा पारित गरेसँगै विभिन्न समूहमा रहेर छलफल शुरु भएको हो ।

तीन वटा क्लस्टरमा विभाजन गरेर बन्दसत्र शुरु भएको हो । पहाड, हिमाल र मधेस-तराई गरी तीन क्लस्टरमा विभाजन गरी बन्द सत्र शुरु भएको हो । शुरुआतमा पहाडको बन्द सत्र चलेको छ । बन्दसत्रका लागि हिमाल हल, पहाड हल र तराई-मधेश हल निर्धारण गरिएको छ । प्रदेश तथा विभिन्न समूहका प्रतिनिधिहरूलाई सम्बन्धित हलमा विभाजन गरिएको हो ।

हिमाल हलमा कोशी प्रदेशका १ हजार ११७, कर्णाली प्रदेशका २९९ र गण्डकी प्रदेशका ७१५ गरी २ हजार ३३१ प्रतिनिधि सहभागी छन् । त्यस्तै, पहाड हलमा बागमती प्रदेशका १ हजार २१७ र लुम्बिनी प्रदेशका १ हजार ९ गरी २ हजार २२६ प्रतिनिधि सहभागी छन् ।

तराई-मधेश हलमा मधेश प्रदेशका १ हजार २५६, सुदूरपश्चिम प्रदेशका ६५०, जनसम्पर्क समितिका २४५ र भ्रातृ संगठनका २२५ प्रतिनिधि सहभागी छन् । बन्द सत्रमा सभापति गगनकुमार थापाले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन, महामन्त्रीले पेश गरेको विधान तथा पार्टी सञ्चालनसम्बन्धी प्रस्ताव, उपसभापतिले पेश गरेको समसामयिक प्रस्तावलगायत विषयमा छलफल हुने कांग्रेसले जनाएको छ ।

यसअघि प्रवक्ता देवराज चालिसेले १५औँ महाधिवेशनको बन्द सत्र शुरु हुनुअघि बसेको बैठकका निर्णय सार्वजनिक गर्दै विशेष महाधिवेशनबाट निर्माण भएको वर्तमान केन्द्रीय समितिको यो अन्तिम बैठक भएको बताए ।

बैठकले सभापति गगनकुमार थापाले प्रस्तुत गरेको राजनीतिक प्रस्ताव, उपसभापति विश्वप्रकाश शर्माले पेश गरेको

समसामयिक विषय तथा महामन्त्री प्रदीप पौडेलले पेश गरेको पार्टी बाँकी ४ पेजमा ▸▸

सहमहामन्त्री नै १५ जना हुने

दमक/ नेपाली कांग्रेसले सहमहामन्त्रीको संख्या १५ जना बनाउने भएको छ । समावेशिताका आधारमा ९, खुलाबाट २ र सभापतिले मनोनीत गर्ने चारसहित १५ जना सहमहामन्त्री हुने भएका छन् ।

महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस आर्य, थारु, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसंख्यक/अपाङ समुदायबाट १/१ सहमहामन्त्री हुनेछन् । अघिल्लो महाधिवेशनको समयमा अल्पसंख्यक/अपाङ्ग क्लस्टर राखिएको थिएन । सहमहामन्त्री पदमा खुलातर्फबाट पनि छनोट गरिने भएको छ । त्यसका लागि दुई जना छुट्याइएको छ ।

सभापतिले सहमहामन्त्री चार जना मनोनीत गर्ने व्यवस्था गरिएको छ । सभापतिले एक महिला सहित चार जना थप्ने गरी विधान संशोधन गरिएको हो ।

६९ देशका ६ सय बढी आरोहीलाई हिमाल आरोहण अनुमति

दमक/ शरद् ऋतुमा नेपालका विभिन्न हिमाल आरोहणका लागि ६९ देशका ६४८ आरोहीले अनुमति लिएका छन् ।

पर्यटन विभागले दिएको जानकारीअनुसार सन् २०२६ को शरद् ऋतुमा नेपालका २० हिमाल आरोहणका लागि ६९ देशका ६४८ आरोहीलाई अनुमति प्रदान गरिएको हो । अनुमति लिनेमा ७१ समूह रहेको र जसमा ४८५ पुरूष र १६३ महिला रहेको विभागका सूचना अधिकारी सुरज घिमिरेले जानकारी दिए ।

अनुमति लिनेमा अष्ट्रेलिया १७, क्यानडा १६, जापान २१, भारत १८, अमेरिका ४१, बेलायत ३८, स्पेन १५, स्वीजरल्याण्ड १३, रसिया ५७, पोल्याण्ड १९, नेपाल २०, चीन ११८ आरोही रहेका छन् । यस्तै, जर्मनी ३४, फ्रान्स ५१, बेल्जियम सात, बुल्गेरिया पाँच, चेक रिपब्लिक १६, अर्जेन्टिना सात रहेको विभागले जनाएको छ । यस्तै, अन्य देशका आरोहीले पनि अनुमति लिएका छन् । आरोहण अनुमति प्रदान गरेबापत विभागले आरोहीबाट २३ करोड ८९ लाख ६४ हजार २९८ रोयल्टी संकलन गरेको छ । आरोहण अनुमति प्रदान बाँकी ४ पेजमा ▸▸

जेन-जीका फौजदारी मुद्दा फिर्ता लिने

दमक/ सरकारले जेन-जी प्रदर्शनकारीहरूलाई लगाएको फौजदारी मुद्दा फिर्ता लिनेबारे अध्ययन गर्न गठित समितिको प्रतिवेदनको आवश्यक कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने निर्णय गरेको छ ।

सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जेन-जी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोग भएका मुद्दा फिर्ता गर्न सकिने, नसकिने सम्बन्धमा छानबिन गरी सिफारिस गर्न पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिले पेस गरेको प्रतिवेदन आवश्यक कार्यार्थ गर्न गृह मन्त्रालयमा पठाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाउँदै

दमक/ सीमावर्ती क्षेत्रमा हुनसक्ने अवैध चोरी-निकासी तथा पैठारी नियन्त्रण र सम्भावित राजस्व चुहावट न्यूनीकरण गर्न जिल्ला सुरक्षा समिति झापाले झापा-इलाम सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी बढाएको छ ।

सम्भावित अवैध गतिविधि नियन्त्रणका लागि प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको नेतृत्वमा झापा-इलाम सीमावर्ती क्षेत्रका विभिन्न स्थानको स्थलगत अनुगमन गरिएको हो । मेचीनगर, बुद्धशान्ति, अर्जुनधारालगायत पालिकासँग सीमा जोडिएका तथा आवतजावतका लागि प्रयोग हुने स्थानको सुरक्षा अवस्था र सम्भावित जोखिमबारे समितिले जानकारी लिएको हो ।

प्रमुख जिल्ला अधिकारी पोखरेलले बाँकी ४ पेजमा ▸▸

दर्ता नं. ३/१/७/६४४/०६९/०७० प्यान नं. ६००५००३६०

मिक्लाजुङ जडिबुटी उत्पादन तथा प्रशोधन सहकारी संस्था लि., दमक-७, झापा
बुद्धमार्ग टोलको

१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस मिक्लाजुङ जडिबुटी उत्पादन तथा प्रशोधन सहकारी संस्था लिमिटेड दमक-७ को मिति २०८३/५/२८ गते बसेको लेखा समिति, सञ्चालक समितिको संयुक्त बैठकको निर्णय अनुसार समूहगत १४ औं वार्षिक साधारणसभा यहि मिति २०८३/६/२१, २२ र २३ गते शुक्रबार सम्पन्न गर्ने गरी निश्चित भएको हुँदा कारणवश पत्र प्राप्त नभएमा सदस्यज्यूहरु यसै सूचनालाई आधार मानी निम्न समय, स्थान र मितिमा उपस्थित हुनुभई प्रस्तुत प्रतिवेदन उपर कुनै किसिमको राय, सुझाव भएमा लिखित रुपमा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

तपशिल

❒ सभा सम्पन्न हुने मिति : असोज २३ गते शुक्रबार
❒ हाजिरी समय : विहानको १०:३० बजे
❒ सभा सम्पन्न हुने स्थान : संस्थाको कार्यालय सभाहल, दमक-७

नोट : स्वयं उपस्थिति हुनुहुने सदस्य ज्यूहरुलाई रु. ५००।- मा कर कट्टि गरी पारवहन खर्च स्वयंको खातामा जम्मा हुने व्यवस्था गरिएको छ ।

सम्पर्क नं. : ०२३-५८३३१७, दमक, झापा

लागुपदार्थसहित चार पक्राउ

उर्लावारी/ मोरङमा प्रहरीले छुट्टाछुट्टै दुई स्थानबाट ९.३७ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित चार जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले विराटनगर महानगरपालिका-१६ दरैया चोकबाट दुई जनालाई पक्राउ गरेको हो ।

भारतबाट पैदल नेपालतर्फ आउँदै गरेका सुनसरीको धरान उपमहानगरपालिका-९ का ३३ वर्षीय नरेश खडगी र ३५ वर्षीय कृष्णा राईलाई शंका लागी जाँच गर्ने क्रममा कृष्णा राईको साथबाट ४.४७ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी डिएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए ।

त्यसैगरी, विराटनगर-१६ स्थित दक्षिण गेटबाट भारततर्फबाट नेपाल आउँदै गरेका मोरङको केराबारी गाउँपालिका-६ का २१ वर्षीय शुसान्त वि.क. र २० वर्षीय निर्मल तामाङलाई प्रहरीले पक्राउ गरेको छ । जाँचका क्रममा शुसान्त वि।क।को साथबाट ४.९० ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ ।

लखनपुर खानेपानीमा १७ करोडको योजना

पंकज दाहाल

कमल/ चाँजु टुक्रेमा नयाँ बोरिङ्को व्यवस्था गरेपछि झापाको कमल गाउँपालिका वडा नं. ४ र ५ मा खानेपानी उपभोक्ताहरूको धारामा यतिबेला भनेजति पानी आउन थालेको छ । कम पानी आउँदा असन्तुष्ट र चर्को आलोचनामा रहेका सो क्षेत्रका खानेपानी उपभोक्ताहरू यतिबेला भने पानीको ठूलो धारा देखेर हर्षित भएका छन् ।

यति ठूलो खानेपानीको धारा आउला भनेर हामीले सोचेकै थिएन, तर अहिले त पानीको छेला खेलो भयो, कमल(५ की खानेपानी उपभोक्ता मैया भण्डारीले खुशी व्यक्त गर्दै भनिन् । हुन पनि अहिले सो क्षेत्रका बासिन्दाहरू धारामा आएको ठूलो पानी देखेर अब भने ढुक्क भएका छन् । त्यसअघि भने धारामा थोरै मात्रमा पानी आउने गर्दथ्यो । लखनपुर सामुदायिक खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले कमल-५ पाडाजुँगी उत्तर रहेको चाँजु टुक्रेमा २० वाट क्षमताको मोटर जोडेर खानेपानी बोरिङ् गरेको छ । हाल सोही बोरिङ्बाट पर्याप्त मात्रामा पानी आएको छ ।

सो पानीलाई मुख्य राजमार्ग उत्तर पाइप विस्तार गरी कमल(५ र ४ को सीमानामा पर्ने सितापुरी, नमुना चौक लाइन, झाराबारी, राधाकृष्ण टोल लगायतका क्षेत्रका उपभोक्ताको धारामा वितरण गर्दा खानेपानीको छेलोखेलो आउन थालेको हो । समितिको अध्यक्ष डम्बरबहादुर निरौला भन्छन्- बाँकी ४ पेजमा ▸▸

सम्पादकीय

दशैंमा महँगी र उपभोक्ताको पीडा

बडा दशैं नेपालीहरूको महान् तथा राष्ट्रिय चाड हो । आपसी सद्भाव, मेलमिलाप, पारिवारिक पुनर्मिलन र सांस्कृतिक उल्लासको यो पर्व हरेक नेपालीका लागि विशेष महत्व राख्छ । तर, पछिल्ला वर्षहरूमा दशैं आउँदा खुसीभन्दा बढी उपभोक्ताको मनमा एउटा अज्ञात त्रास र चिन्ताले डेरा जमाउन थालेको छ, र त्यो हो अनियन्त्रित महँगी । चाडपर्व नजिकिँदै जाँदा बजारमा हरेक उपभोग्य वस्तुको मूल्य आकाशिनु, कृत्रिम अभाव सिर्जना हुनु र कालोबजारी मौलाउनु नेपालको दीर्घकालीन र गम्भीर समस्या बन्दै गएको छ । यस वर्ष पनि दशैंको मुखमा उपभोक्ताहरू फेरि एकपटक महँगीको चर्को मारमा परेका छन्, जसले आम नागरिकको जीवनयापनलाई अत्यन्तै कष्टकर बनाइदिएको छ ।

चाडपर्वका बेला बजारमा खाद्यान्न, लत्ताकपडा, फलफूल, मसला, तेल, दाल र यातायात भाडामा अस्वाभाविक रूपमा मूल्यवृद्धि हुने गरेको छ । मध्यम तथा निम्न वर्गका परिवारका लागि हातमुख जोर्न नै धौधौ पर्ने अवस्था सिर्जना भएको छ । भान्सामा प्रयोग हुने दैनिक उपभोग्य वस्तुहरूको मूल्यमा भएको वृद्धिका कारण सर्वसाधारणले आफ्ना चाडपर्वका सामान्य आवश्यकताहरू समेत पूरा गर्न नसक्ने स्थिति उत्पन्न भएको छ । चाडपर्वमा बालबालिकालाई नयाँ कपडा किनिदिने र मीठोमसो खुवाउने चाहना केवल सपनामा सीमित बन्ने खतरा बढेको छ । यसले गर्दा समाजमा गरिब र धनीबीचको खाडल अझ गहिरो हुँदै गएको आभास हुन्छ ।

महँगी बढ्नुका पछाडि विभिन्न कारणहरू जिम्मेवार छन् । पहिलो त, हाम्रो परनिर्भर अर्थतन्त्र र कमजोर बजार व्यवस्थापन नै मुख्य समस्या हो । नेपालमा अधिकांश उपभोग्य वस्तुहरू आयात गर्नुपर्ने बाध्यता छ । अन्तर्राष्ट्रिय बजारमा हुने मूल्यवृद्धि, ढुवानी लागत र मुद्रास्फीतिले नेपाली बजारलाई प्रत्यक्ष प्रभाव पार्छ । तर, विडम्बनाको कुरा के छ भने अन्तर ाष्ट्रिय बजारमा मूल्य घट्दा वा स्थिर रहँदा पनि यहाँका व्यापारीहरूले विभिन्न बाहना बनाएर मूल्य बढाउने र मौकाको फाइदा उठाउने प्रवृत्ति त्याग्न सकेका छैनन् । दोस्रो, राज्यका नियामक निकायहरूको अनुगमन कमजोर हुनु हो । बजारमा कार्टेलिङ, सिन्डिकेट र कृत्रिम अभाव सिर्जना गर्ने गिरोहहरू सक्रिय हुँदा पनि सम्बन्धित निकायहरू प्रभावकारी रूपमा प्रस्तुत हुन सकिरहेका छैनन् ।

चाडपर्वका नाममा हुने कालोबजारी र मूल्यवृद्धिलाई नियन्त्रण गर्न राज्यले कठोर कदम चाल्नुपर्ने बेला आएको छ । कागजी अनुगमन र औपचारिक प्रतिबद्धताले मात्र बजार नियन्त्रण हुन सक्दैन । उपभोक्ता अधिकारको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व हो । त्यसैले, सरकार , स्थानीय प्रशासन र उपभोक्तावादी संघ-संस्थाहरूले संयुक्त रूपमा बजार को नियमित, प्रभावकारी र छचल्कने किसिमको अनुगमन गर्नुपर्छ । अस्वाभाविक रूपमा मूल्य बढाउने, म्याद गुज्रिएका वस्तुहरू बिक्री गर्ने र कालोबजारीमा संलग्न व्यापारी हरूलाई कानुनको कठघरामा उभ्याई कडाभन्दा कडा कारबाही गरिनुपर्छ ।

यसका साथै, दीर्घकालीन रूपमा महँगी नियन्त्रणका लागि मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनु अपरिहार्य छ । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने, कृषि क्षेत्रको आधुनिकीकरण गर्ने र आपूर्ति शृंखलालाई पारदर्शी बनाउने नीति अवलम्बन गर्नुपर्छ । चाडपर्वका बेला सुपथ मूल्यका पसलहरूको दायरा बढाएर देशभरका नागरिकहरूलाई राहत पुर्‍याउनु पर्छ ताकि आर्थिक रूपले कमजोर वर्गले पनि सहज रूपमा चाडपर्व मनाउन सकून् ।

निष्कर्षमा भन्नुपर्दा, चाडपर्व खुसी साटासाट गर्ने अवसर हुनुपर्छ, न कि पीडा र चिन्ता थप्ने माध्यम । महँगीको यो मारले आम उपभोक्ताको ढाड भाँचिएको छ । यदि समयमै बजार नियन्त्रण गर्न सकिएन भने यसले सामाजिक असन्तुष्टि र आर्थिक संकटलाई झनै गहिराउनेछ । तसर्थ, सरकार जिम्मेवार बन्नैपर्छ र उपभोक्ताले पनि सचेत हुँदै गलत प्रवृत्तिको विरोध गर्नुपर्छ । सबैको साझा प्रयासबाट मात्र बजारमा सुशासन कायम गर्न र आम नागरिकलाई राहत दिन सम्भव छ ।

नेपालको अर्थ राजनीति र प्राकृतिक संसाधनहरूको दोहन

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

> **हामीले काम, क्रोध, लोभ, मोह, ईर्ष्या, द्वेष मन, बुद्धि र अहंकार जस्ता मानवीय दुर्गुणलाई बिर्सेर मानवताकै संरक्षण गर्नेतिर ध्यान दिनुपर्दछ। देशमा दिनप्रतिदिन चिन्ताजनक अवस्थामा पुग्दै गइरहेको वातावरणीय सन्तुलनलाई जोगाएर प्रकृतिसँग मिलेर बाँच्ने कला सिक्नुपर्दछ ।**

नेपालको अर्थ राजनीति र प्रकृतिप्रदत्त संसाधनमाथि समय समयमा ठूलो बज्रपात हुँदै गरेको कुरा कसैको सामु लुकेको छैन । प्राकृतिक संकटको विभिषिकाले नेपालको राजधानी काठमाडौं लाई जोड्ने हिमाल पहाड र तराईका सबै सबैजसो क्षेत्रहरूमा बेलाबेलामा प्राकृतिक आपदा निम्त्याउने गरेको छ र देशको विद्यमान संसाधनहरूको सदुपयोग गर्दै जाने निहुमा प्राकृतिक संसाधनहरूको अकल्पनीय दोहन पनि गर्दै लगेको यथार्थ हामी समक्ष छर्लङ्ग छ । आज देशका सिमसार क्षेत्रहरू साँघुरिँदै छन् । सिमसार भित्र परापूर्वकालदेखि रहेका जैविक विविधताहरू सखाप र सर्वनाश हुँदैछन् । बाढी नियन्त्रण र नदी नियन्त्रण गर्ने निहुमा नदीका फराकिला जल बहाव र जलाधार क्षेत्रहरू घटाइँदैछ र नदीका मुहानहरू समेत थुनिँदै गइरहेको अवस्थालाई सरकारले आफै आत्मसात गरिरहेको अवस्था छ । देशका ठूलठूला नदीहरूमा पहाडी क्षेत्रबाट हुँदै तराई क्षेत्रमा बग्ने अविरल जलधारहरूले बेलाबेलामा ठूलो संकट र चुनौती पनि थपिँदै लगिरहेको छ ।

भर्खरै नेपालका प्रधानमन्त्रीले संयुक्त राष्ट्र संघलाई सम्बोधन गर्दा नेपालमा हालसालै भएको जलप्रलय र त्यस बाट भएको क्षतिबारे संसारलाई जानकारी गराइरहँदा सर्वसाधारण नेपाली नागरिकहरूले समेत उनले बोलेका कुराहरूमा गहिरो चासो राखेर त्यसको बारेमा व्यक्त गरेका अभिमतहरु समेत संचार माध्यमहरुमा आइरहेको छ । विश्वका वातावरण वैज्ञानिकहरूले नेपालका हिमाली क्षेत्रहरूलाई भविष्यमा प्राकृतिक संकटहरूले छताछुल्ल पार्ने र ठूलो संकट निम्त्याउने भविष्यवाणीहरू पटकपटक गर्दै आइरहेको छ तर हामी नेपाली नागरिकहरु अझै पनि त्यसप्रति पूर्णरुपमा संवेदनशील बन्न सकिरहेका छैनौं ।

नेपाली नागरिकहरूले आफ्नै अग्रसरतामा नदी किनारहरूमा र नदीका तटबन्धहरूमा बाक्लो बस्ती बसाएर बस्ने प्रक्रियालाई अझ दिनप्रतिदिन बढाउँदै लगिरहेका छन् । भूमिहीन र सुकुम्बासी नागरिकहरूलाई उपलब्ध गराउने सुविधाहरूलाई विस्तार गर्न सरकारले आफै पनि देशको लागि बहुउपयोगी हुने सरकारी जग्गाहरू क्षणिक राजनीतिक स्वार्थको लोभमा परेर व्यक्तिहरुलाई सुम्पिदै जाने अभियानलाई रोक्न सकेका छैनन् ।

गिरिजाप्रसाद कोइराला देखि लिएर शेरबहादुर देउवासम्म र माधवकुमार नेपालदेखि लिएर केपी ओलीसम्मका सरकारहरूले अङ्गीकार गरेको जल जंगल र जमिनलाई टुक्रा टुक्रा पार्दै राजनीतिक स्वार्थ र राजनीतिक अभिष्ट पुरा गर्ने कार्य योजनाहरू अहिलेसम्म पनि सक्रिय नै राखेको हुनाले यसको बारेमा पुनर्विचार गर्नु जरुरी छ । पहाडका चट्टानहरूलाई फुटाउँदै राजमार्गहरू र सडक सुविधाहरू विस्तार गर्दै जाने योजनाहरूमा सरकारले आफै पनि बजेटहरू निकासा गरिरहँदासम्म पहाडी क्षेत्रहरूमा चट्टानहरू फुट्दै टुट्दै पहिरो जाने र मानव बस्तीहरू तथा खेतीयोग्य जमिनहरू भासिँदै जाने तथा देशको अमूल्य सम्पदा मानिने देशको उर्वर माटो बगेर भारतको हिन्द महासागर क्षेत्रमा पुग्ने जस्ता संकटहरूको सवालमा नेपालका शीर्ष राजनीतिक नेतृत्वहरूले आँखा चिम्म गरेर बसिरहन अलिकति पनि सुहाउँदैन ।

देशको माटोलाई बग्नबाट कसरी जोगाउन सकिन्छ भन्ने कुरामा पनि सुविचार गर्नु जरुरी छ । संयुक्त राष्ट्र संघका बहालवाला अध्यक्ष गुटुरेजले नेपालको संवेदनशीलता र दुखान्त कथालाई संयुक्त राष्ट्र संघको मञ्चमा प्रष्टसँग राख्दा पनि विश्व राजनीतिमा प्रभाव जमाउने शक्ति केन्द्रमा भएका मुलुकहरु नेपालप्रति सकारात्मक र संवेदनशील व्यवहार गर्छ भन्ने आधारहरू अहिलेसम्म खुल्न सकेको छैन ।

नेपालका नवनिर्वाचित युवा प्रधानमन्त्री बालेन्द्र शाहले नेपालमा हालसालै आएको जल प्रलय र हिमताल विस्फोटले गर्दा नेपालमा हजारौं मानिसहरू हताहत भएको र अर्बौं खर्बौं रुपैयाँ बराबरको नोक्सानी पुगेको र त्यसलाई भरपाई गर्ने संसाधन नेपाल सरकारसँग समेत नरहेकोले यस्तो किसिमको प्राकृतिक संकटहरूबाट संसारलाई जोगाउन र जलवायु संकटबाट समेत विश्वलाई छुटकारा दिलाउनको लागि जस जसले जलवायुको सन्तुलन बिगार्न प्राकृतिक स्रोत साधनहरूको अन्धाधुन्द उपयोग गरिरहेका छन् ती देशहरूले जलवायु क्षतिपूर्ति कोषमा योगदान गर्न अगाडि आउनुपर्ने र नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा हुने गरेको प्राकृतिक आपदाको जिम्मेवारी समेत लिएर नोक्सानी बापतको क्षतिपूर्ति रकम समेत क्षति पुगेको देशलाई जिम्मा लगाउनुपर्ने कुराहरूबारे विश्वलाई नै ध्यानाकर्षण गराउनुभएको थियो ।

खासगरी हिमालय क्षेत्रमा हुने गरेको वातावरणीय असन्तुलनका घटनाहरू नेपालीहरूले गर्दा नभएर वैश्विक रुपमै प्रकृतिमाथि गरिएको अन्यायको कारणले हुन गएको हो । यस कारणले सारा संसारको ध्यान जलवायु न्यायमा केन्द्रित हुनुपर्दछ । विश्वका धनी र शक्तिशाली राष्ट्रहरूले जलवायु न्यायमा विवेकशील भएर लाग्यो भने मात्र जलवायु परिवर्तनबाट भएको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । प्रधानमन्त्री बालेन्द्र शाहले चीन नेपाल र भारतलाई खास गरेर यस भारतीय उपमहाद्वीपमा हुने गरेको भौगर्भिक उथलपुथलबाट हुनसक्ने प्राकृतिक संकटलाई समाधान गर्नको लागि एउटा साझा मञ्चमा आउन र त्यसको लागि योगदान गर्न समेत अनुरोध गरेका थिए ।

चीनको तिब्बत क्षेत्र अहिले प्राकृतिक रूपले बढी चिन्ताजनक अवस्थामा रहेको विज्ञहरूले औल्याइरहँदा चीन नेपाल र भारतमा ठुलठुलो भूकम्प आउन सक्ने हिमताल विस्फोट हुन सक्ने जस्ता घटनाहरुले मानव अस्तित्वलाई समेत अझ जोखिममा पार्न सक्ने हुनाले यस्ता घटनाहरुले यी गरिब देशहरुलाई विकासको बाटोमा जान थुप्रै नै अवरोध खडा गर्ने निश्चित छ र यस्ता समस्याहरुलाई कुनै पनि देशले एक्ला एक्लै समाधान पनि गर्न सक्दैन । तिब्बतबाट बगेको पानी नेपालमा आउँछ र नेपालबाट भारतको ठूलो भूभागमा नोक्सानी पुर्‍याउँदै हिन्द महासागरमा प्रवेश गर्दछ । यस्तो विकराल समस्यालाई तीनटै देशले मिलेर समाधान गर्नु नै यसको उत्तम विकल्प हुन सक्छ । यथार्थमा चीन र भारतले यस्ता कुराहरुमा बढी चासो राख्नु र संवेदनशील हुनु पनि जरुरी छ ।

चीनले आफ्नो भूभागभित्रका ठूला ठूला नदीहरू र महानदीहरूलाई समेत नियन्त्रण गर्न सफलता पाइरहेको अवस्था छ भने भारतले पनि भारतभित्रका नदीहरुलाई नियन्त्रण गर्ने प्रयास लगातार रुपमा गर्दै लगिरहेको छ । भारत सरकारले नेपाल र भारतबीच बग्ने नदीहरूलाई नियन्त्रण गर्नको लागि र व्यवस्थापन गर्नको लागि तथा बाढीबाट हुन सक्ने सम्भावित जोखिमहरुलाई कम गर्नको लागि र कृषि क्षेत्रहरुलाई समेत सिचाईको सुविधा उपलब्ध गराउनको लागि उच्च बाँध परियोजनाका खाकाहरूबारे समेत विगतमा नेपाल सरकारलाई जानकारी गराएको र मार्गचित्रहरू उपलब्ध गराउने पर्खाइमा रहेकोले नेपाल सरकारले पनि यस सम्बन्धमा स्पष्ट दृष्टिकोण र देश हितमा हुन सक्ने जल सम्झौताहरूलाई अंगीकार गर्नु जरुरी छ ।

जलवायु परिवर्तनले गर्दा वैश्विक रुपमै अत्यन्त जोखिमपूर्ण अवस्थामा बाँचिरहेका दुर्लभ जीवजन्तु वन्यजन्तु र जैविक विविधताहरु तथा बोटबिरुवाहरुलाई संरक्षण गर्नका लागि जलवायु सम्मेलनहरू पटक-पटक आयोजना हुँदै गरेको सन्दर्भमा संसारमा नै दुर्लभ हुँदै गइरहेका जीवनहरुलाई संरक्षण गर्नको लागि ठुलठुला आयोजनाहरू कार्यान्वयन भइरहेको छ । तर आश्चर्यको कुरो के छ भने नेपालमा यसैपालीको प्राकृतिक आपदा र बाढी संकटले नेपालका हजारौं मानिसहरु बेपत्ता भइरहेका छन्, हजारौं मानिसहरुले आफ्नो जीवन गुमाइसकेका छन् र हजारौं लाखौं मानिसहरु अहिले पनि आफ्नो जीवन र अस्तित्व समेत गुमाउन सक्ने जोखिमको अवस्थामा पुग्न लागेको देखिँदैछन् ।

सरकारले मानिसहरूको जीवन र मानिसहरूको भविष्यलाई प्रकृतिको संरक्षण सँगै कसरी सुरक्षित बनाउँछ भन्ने कुरामा नै देशको अस्तित्व र देशको भविष्य निर्धारण हुने निश्चित प्राय हुन्छ । नेपालको अर्थ राजनीति र प्राकृतिक संकटको दोहन वर्तमान राजनीतिको समस्या मात्र होइन । प्रकृतिले स्वयं नेपाली माटो र र संस्कृतिप्रति खेलबाड गरिरहेको छ ।

भगवान शिव र माता पार्वतीको निवासस्थल हिमालय पर्वत श्रृङ्खला र सगरमाथा क्षेत्र अहिले संकटको भुमरीमा फस्दैछ । हामीले देशको राजनीति मात्र सपार्नु छैन, देशको संस्कृतिलाई पनि सुरक्षित बनाउनु छ, संस्कारलाई पनि जोगाउनु छ, देशको अर्थ राजनीतिलाई पनि उँधो लाग्नुबाट रोकेर उँभो लाग्ने दिशातिर उत्प्रेरित गराउनुपर्छ ।

हामीले काम, क्रोध, लोभ, मोह, ईर्ष्या, द्वेष मन, बुद्धि र अहंकार जस्ता मानवीय दुर्गुणलाई बिर्सेर मानवताकै संरक्षण गर्नेतिर ध्यान दिनुपर्दछ । देशमा दिनप्रतिदिन चिन्ताजनक अवस्थामा पुग्दै गइरहेको वातावरणीय सन्तुलनलाई जोगाएर प्रकृतिसँग मिलेर बाँच्ने कला सिक्नुपर्दछ र संसारलाई नै संरक्षण गर्ने कार्यहरू गरेर नेपालको भविष्य सपार्नमा सहयोग पुर्‍याउनु पर्दछ ।

❖

गगन थापाको राजनीतिक प्रतिवेदनमा के छ ?

दमक/ नेपाली कांग्रेसका सभापति गगन थापाले १५औं महाधिवेशनमा पेश गर्न तयार पारेको राजनीतिक प्रतिवेदनमा पार्टीको राजनीतिक, वैचारिक, सांगठनिक र आर्थिक रूपान्तरणका लागि महत्वपूर्ण प्रस्ताव अघि सारेका छन् । प्रतिवेदनले कांग्रेसको विगतको समीक्षा गर्दै पछिल्लो समय सत्ता, पद, गुट र पहुँचकेन्द्रित राजनीतिका कारण जनतासँग दूरी बढेको स्वीकार गरेको छ। अब पार्टीलाई नयाँ राजनीतिक संस्कार र कार्यशैलीसहित अघि बढाउने प्रस्ताव प्रतिवेदनमा गरिएको छ ।

प्रतिवेदनमा भदौ २३ र २४ गतेको आन्दोलन तथा त्यसपछिको राजनीतिक घटनाक्रमलाई षड्यन्त्रका रूपमा मात्र नहेरी त्यसले उठाएका सुशासन, अवसर, न्याय र समानताका मागलाई सम्बोधन गर्नुपर्ने उल्लेख छ । आन्दोलनका क्रममा राज्यबाट भएको बल प्रयोग, हिंसा र क्षतिको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही तथा पीडितलाई न्याय र क्षतिपूर्ति दिनुपर्ने प्रस्ताव गरिएको छ। फागुन २१ को निर्वाचन परिणामलाई पनि कांग्रेस र नागरिकबीच बढेको दुई दशक लामो दूरीको परिणामका रूपमा आत्मसमीक्षा गर्नुपर्ने उल्लेख छ ।

निर्वाचनपछिको भूमिकामा कांग्रेसलाई प्रभावकारी प्रमुख प्रतिपक्षका रूपमा स्थापित गर्ने प्रस्ताव छ । सरकारका कामको तथ्यमा आधारित निगरानी, भ्रष्टाचार र अधिकार हननविरुद्ध खबरदारी तथा वैकल्पिक नीति प्रस्तुत गर्न संघीय र प्रदेश तहमा 'छाया सरकार'को अवधारणा अघि सारिएको छ ।

आगामी निर्वाचनमा पूर्वनिर्वाचन गठबन्धन नगर्ने र कांग्रेस आफ्नै चुनाव चिह्न, उम्मेदवार तथा एजेन्डासहित जनतामाझ जाने प्रस्ताव प्रतिवेदनमा छ । उम्मेदवार छनोटमा गुट, पहुँच र आर्थिक प्रभावभन्दा योग्यता, योगदान र कार्यसम्पादनलाई आधार बनाउने तथा प्राथमिक निर्वाचन, जनमत संग्रह वा पार्टी सदस्यको प्रत्यक्ष मतदानजस्ता विधि अपनाउने प्रस्ताव गरिएको छ ।

वैचारिक रूपमा राष्ट्रियता, लोकतन्त्र र लोकतान्त्रिक समाजवादलाई २१औं शताब्दीअनुकूल पुनर्व्याख्या गर्ने प्रस्ताव गरिएको छ । राष्ट्रियतालाई ऊर्जा, खाद्य, प्रविधि, वित्त र ज्ञानको क्षमतासँग जोड्दै लोकतन्त्रलाई निर्वाचनमा मतदान गर्ने प्रक्रियाभन्दा नागरिकको निरन्तर सहभागिता र निर्णय प्रक्रियासम्म विस्तार गर्नुपर्नेमा जोड दिइएको छ ।

आर्थिक क्षेत्रमा निजी क्षेत्रलाई रोजगारी, उत्पादन, लगानी र नवप्रवर्तनको प्रमुख साझेदारका रूपमा स्थापित गर्ने प्रस्ताव छ । लगानी सुरक्षा, नीतिगत स्थिरता र व्यवसाय गर्ने वातावरण सुधार गर्दै रेमिट्यान्सलाई कृषि, उद्योग, पर्यटन र प्रविधिमा लगानी गर्ने वातावरण बनाउने तथा जलविद्युत् र स्वच्छ ऊर्जालाई औद्योगिकीकरण र हरित निर्यातसँग जोड्ने योजना अघि सारिएको छ ।

'समुन्नत नेपाल, सम्मानित नेपाली'को अवधारणाअन्तर्गत आर्थिक वृद्धि मात्रै नभई शिक्षा, स्वास्थ्य, पोषण, सीप, क्षमता र अवसरमा समान पहुँच सुनिश्चित गर्नुपर्ने प्रस्ताव गरिएको छ । सुरुवातदेखि नै समान अवसर सिर्जना गर्ने 'पूर्व-वितरणात्मक न्याय'को अवधारणालाई शिक्षा, स्वास्थ्य, सीप, वित्तीय पहुँच र रोजगारीसँग जोडिएको छ ।

युवाका लागि देशभित्रै सम्मानजनक रोजगारी सिर्जना गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित र अधिकारमुखी बनाउने तथा आप्रवासी नेपालीको सामाजिक सुरक्षा र रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने प्रस्ताव छ । जनसंख्या र बसाइँसराइको बदलिँदो स्वरूपअनुसार प्रशासनिक सीमाभन्दा नागरिक वास्तवमा कहाँ बस्छन् र कहाँ सेवा चाहिन्छ भन्ने आधारमा विकास योजना बनाउनुपर्ने उल्लेख गरिएको छ ।

कृषि, ऊर्जा, पानी, पर्यटन, उद्योग र डिजिटल प्रविधिलाई उत्पादनमुखी अर्थतन्त्रको आधार बनाउने प्रस्ताव पनि प्रतिवेदनमा छ। जलवायु परिवर्तनलाई आर्थिक तथा राष्ट्रिय सुरक्षाको विषयका रूपमा लिएर पूर्वाधार, बस्ती र विकास योजनामा विपद् जोखिमलाई अनिवार्य रूपमा समेट्नुपर्नेमा जोड दिइएको छ ।

प्रविधि र कृत्रिम बौद्धिकताले रोजगारी, शिक्षा र ज्ञानको क्षेत्रमा ल्याउने परिवर्तनअनुसार शिक्षा तथा सीप प्रणालीलाई पुनर्संरचना गर्ने प्रस्ताव छ । सामाजिक क्षेत्रमा जातीय विभेद, बालविवाह, लैंगिक हिंसा, कुपोषण, शिक्षा र स्वास्थ्यसँगै ज्येष्ठ नागरिक, बालबालिका, महिला तथा कमजोर वर्गको सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा प्रशासनिक र वित्तीय संघीयता बलियो बनाउने प्रस्ताव छ। संविधान संशोधन आवश्यक भए राष्ट्रिय सहमतिको आधारमा गर्नुपर्ने र संक्रमणकालीन न्यायलाई राजनीतिक सौदाबाजीको विषय नबनाई सत्य, न्याय र परिपूरणसहित टुंग्याउनुपर्ने उल्लेख छ ।

पार्टीभित्र आर्थिक पारदर्शिता, नियमित लेखापरीक्षण, आचारसंहिता र भ्रष्टाचार आरोपमा परेका नेतामाथि छानबिनको व्यवस्था गर्ने प्रस्ताव गरिएको छ । न्यायपालिका, संवैधानिक निकाय, विश्वविद्यालय र प्रशासनमा पार्टीगत भागबन्डा नगर्ने तथा आफ्ना नेता वा कार्यकर्ताको भ्रष्टाचारलाई समेत संरक्षण नगर्ने प्रतिबद्धता प्रतिवेदनमा राखिएको छ ।

प्रधानमन्त्रीलाई दुई कार्यकालमा सीमित गर्ने संवैधानिक व्यवस्था, निर्वाचनमा 'नन अफ द अबभ'को विकल्प, विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार तथा निर्वाचन प्रणालीलाई थप सहभागीमूलक र पारदर्शी बनाउने प्रस्ताव पनि अघि सारिएको छ । युवाको असन्तुष्टि र जेनेरेसन-जेडका माग अध्ययन गर्न स्वतन्त्र युवा विज्ञ कार्यदल गठन गर्ने र त्यसका सुझावलाई नीति निर्माणमा अनिवार्य रूपमा समेट्ने प्रस्ताव छ । सहिद, घाइते तथा विस्थापित परिवारका लागि १० करोड रुपैयाँको अक्षयकोष स्थापना गरी शिक्षा र स्वास्थ्यमा दीर्घकालीन सहयोग गर्ने योजना पनि प्रतिवेदनमा समेटिएको छ ।

थापाले पार्टीको संगठनलाई पाँच पुस्ताबीचको सहकार्यमा अघि बढाउने, नेतृत्व विकास तथा नीति निर्माणका लागि प्रशिक्षण, नीति, निर्वाचन र सुशासनसम्बन्धी संस्थागत संरचना निर्माण गर्ने प्रस्ताव गरेका छन् । पहिलो १०० दिनमा पार्टीको विगत दुई दशकको राजनीतिक तथा सांगठनिक कार्यसम्पादन समीक्षा गर्ने, पहिलो वर्षमै प्रदेशगत कार्यदलमार्फत शिक्षा, पोषण, रोजगारी, सुशासन र हरित विकासका कार्यक्रम अघि बढाउने तथा प्रत्येक वर्ष 'समुन्नति प्रतिवेदन' सार्वजनिक गर्ने प्रस्ताव पनि प्रतिवेदनमा छ । समग्रमा थापाको प्रतिवेदनले नेतृत्व परिवर्तनभन्दा व्यापक राजनीतिक संस्कार, पार्टी संगठन, अर्थतन्त्र, रोजगारी, निजी क्षेत्र, युवा, प्रविधि, सामाजिक सुरक्षा, संघीयता र सुशासनमा रूपान्तरणलाई कांग्रेसको आगामी कार्यदिशाका रूपमा प्रस्तुत गरेको छ ।

प्लास्टिकको विकल्प
जुटका झोला

सुनसरी/ इटहरीमा सञ्चालन भइरहेको सिप तथा रोजगार मेला-२०८३ मा स्थानीय उत्पादनका रूपमा जुटबाट निर्मित विभिन्न प्रकारका झोला प्रदर्शनमा राखिएका छन् । मेलामा राखिएको जुटका झोलाको स्टलमा युवादेखि सर्वसाधारणसम्मको आकर्षण देखिएको छ ।

सुनसरीको सोनापुरमा स्थापित अरिहन्त मल्टी फाइबर लिमिटेडले उत्पादन गरेका जुटका झोला मेलामा बिक्री तथा प्रदर्शनका लागि राखिएको छ । मेलाको स्टल नम्बर २२ मा राखिएको जुटका झोलाले सहभागीको ध्यान तानेको छ ।

अरिहन्तले परम्परागत रूपमा जुटका बोरा तथा सामग्री उत्पादन गर्दै आए पनि पछिल्लो समय बजारको माग अनुसार विभिन्न डिजाइनका झोलासमेत उत्पादन गर्न थालेको अरिहन्त मल्टी फाइबर कर्मचारी सुशील कार्कीले बताए ।

कार्कीका अनुसार जुटबाट निर्मित झोला नेपालका विभिन्न स्थानमा बिक्री हुनुका साथै अन्तर्राष्ट्रिय बजारमा समेत पुग्ने गरेको छ । वातावरणमैत्री उत्पादनप्रति आकर्षण बढ्दै गएकाले जुटका झोलाले बजार पाउन थालेको उनले बताए । जुटबाट बनेका झोला वातावरणमैत्री हुने भएकाले र प्रयोगपछि फाल्दा माटोमा सजिलै कुहिएर जाने भएकाले प्लास्टिकको विकल्पका रूपमा यसको प्रयोग बढेको बताइएको छ ।

जुटका झोला बलियो हुने र राम्रोसँग प्रयोग गर्दा लामो समयसम्म टिक्ने भएकाले पुनः प्रयोग गर्न सकिने बताइएको छ । आकार र डिजाइन अनुसार झोलाको मूल्य फरक पर्ने गरेको छ । सामान्य झोला करिब एक सयदेखि तीन सय रुपियाँसम्म पर्ने तथा हातबाट बनाइएका हस्तनिर्मित झोला केही महँगा हुने कर्मचारी कार्कीले जानकारी दिनुभयो । जुटबाट बोरा तथा कपडालगायत सामग्री उत्पादन गर्ने काम लामो समयदेखि हुँदै आए पनि आधुनिक डिजाइनका झोला उत्पादन सुरु भएको चार/पाँच वर्ष भएको जनाइएको छ । इटहरीस्थित सोल्टी वेस्टेन्डमा असोज १५ देखि २० गतेसम्म सञ्चालन भइरहेको मेलामा रोजगारी, शिक्षा, स्वास्थ्य, सिप तथा स्थानीय उत्पादनसँग सम्बन्धित करिब ७० वटा स्टल राखिएका छन् ।

स्वास्थ्य

कमलमा १७ हजार ९०२ जनाले लगाए खोप

कमल/ कमल गाउँपालिकामा सञ्चालन गरिएको जेई (जापानी इन्सेफ्लाइटिस) विरुद्धको खोप अभियान(२०८३ अन्तर्गत आश्विन ५ गतेदेखि १५ गतेसम्म १७ हजार ९०२ जनाले खोप लगाएका छन् । गाउँपालिकाको कुल लक्षित २६ हजार ४६८ जनसंख्यामध्ये उक्त संख्याले खोप लगाएपछि अभियानको समग्र प्रगति ६७.६ प्रतिशत पुगेको गाउँपालिकाले जनाएको छ ।

खोप लगाउनेमा ३० देखि ६० वर्ष उमेर समूहका १३ हजार २३७ जना र ६० वर्षमाथिका ४ हजार ६६५ जना रहेका छन् । त्यस्तै, खोप लगाउनेमध्ये १० हजार ४५० जना महिला र ७ हजार ४५२ जना पुरुष रहेका छन् ।

वडागत रूपमा सबैभन्दा बढी प्रगति वडा नं. ६ मा ८०.१ प्रतिशत भएको छ । वडा नं. ३ मा ७९.९ प्रतिशत, वडा नं. ७ मा ६९.२ प्रतिशत, वडा नं. ५ मा ६५.७ प्रतिशत, वडा नं. १ मा ६५.३ प्रतिशत, वडा नं. २ मा ६१.८ प्रतिशत र वडा नं. ४ मा ५३.५ प्रतिशत प्रगति भएको छ । संख्याका आधारमा भने वडा नं. ५ बाट सबैभन्दा धेरै ३ हजार ५१४ जनाले खोप लगाएका छन् । वडा नं. ६ बाट ३ हजार ११३, वडा नं. ३ बाट २ हजार ५१७, वडा नं. ७ बाट २ हजार ४८६, वडा नं. १ बाट २ हजार १५५, वडा नं. ४ बाट २ हजार ९९ र वडा नं. २ बाट २ हजार १८ जनाले खोप लगाएका छन् ।

जेई रोगको जोखिम न्यूनीकरण तथा नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर सञ्चालन गरिएको अभियानमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि तथा सरोकारवालाको समन्वय र सहकार्य रहेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले खोप लगाउन बाँकी ३० वर्षमाथिका लक्षित नागरिकलाई सम्बन्धित स्वास्थ्य संस्था वा तोकिएको खोप केन्द्रमा सम्पर्क गरी जेईविरुद्धको खोप लगाउन आग्रह गरेको छ ।

जनमत पार्टीको अध्यक्षमा फेरि सीके राउत

दमक/ जनमत पार्टीको अध्यक्षमा पुनः डा.सीके राउत निर्वाचित भएका छन् । वीरगञ्जमा आयोजित महाधिवेशनमा भएको निर्वाचनमा राउत ९५८ मतसहित अध्यक्ष निर्वाचित भएका हुन् । अध्यक्ष पदमा राउतको मात्र उम्मेदवारी परे पनि पार्टी विधानअनुसार उम्मेदवारले कुल सदर मतको कम्तिमा २० प्रतिशत मत ल्याउनुपर्ने प्रावधान भएकले मतदान भएको थियो । उपाध्यक्षमा अनिताकुमारी मण्डल, अनितादेवी साह, नरेन्द्रप्रसाद चौधरी, बसन्तकुमार कुशवाहा, डा. जयकान्त राउत, राजयकुमार यादव र माधवप्रसाद सिंह

विजयी भएका छन् । उपाध्यक्ष पदमा ११ जना प्रतिस्पर्धी थिए । २६ पदाधिकारीसहित ९९ जना उम्मेदवारका लागि मतदान भएको थियो ।

रोचक

एकै परिवारका ११ जना कांग्रेस क्षेत्रीय प्रतिनिधि

दमक/ नेपाली कांग्रेसका केन्द्रय सदस्य राधेश्याम पाठकले आफ्नै परिवारका ११ जनालाई क्षेत्रीय प्रतिनिधि बनाएको खुला भएको छ । कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत भएको नवलपरासी (पश्चिम)को रामग्राम नगरपालिकाको वडा नम्बर ९ को अधिवेशनबाट पाठकले आफूसहित ११ जनालाई क्षेत्रीय प्रतिनिधि बनाएको खुलासा भएको हो । क्षेत्रीय प्रतिनिधि सूचीमा पाठकसहित उनको परिवारका ११ जनाको नाम छ । वडा अधिवेशनबाट चयन हुने २४ क्षेत्रीय प्रतिनिधिमध्ये पाठकले ११ जना आफ्नै परिवारबाट राखेका हुन् ।

प्राप्त सूची अनुसार चन्द्र शेखर पाठक, आशुतोष पाठक, कालिन्दी पाठक, गीता पाठक, जयदेव पाठक, तुषार पाठक, दामोदर पाठक, बेदव्यास पाठक, भोला पाठक आफू र विश्वेश्वरप्रसाद पाठकलाई क्षेत्रीय प्रतिनिधि बनाएका हुन् ।

पाठक गत पुसमा भएको विशेष महाधिवेशनबाट मधेसी कोटाबाट केन्द्रीय सदस्य बनेका थिए ।

उक्त वडाको अधिवेशन असोज ५ गते भएको थियो । पाठकको परिवारका ११ सदस्य क्षेत्रीय प्रतिनिधि भएपछि उक्त वडाका कतिपय कांग्रेस कार्यकर्ताले असन्तुष्टि पोखेका छन् । एक कांग्रेस स्थानीय नेताले पाठकले आफ्नो शक्तिको दुरुपयोग गरेर आफूहरुलाई पाखा लगाएर परिवारका सदस्यलाई स्थान दिएको आरोप लगाए ।

तर पाठकले भने आफ्नो परिवारका ११ जनालाई क्षेत्रीय प्रतिनिधि बनाएको स्वीकार्दै आफूले जबरजस्ती नगरेको बताए । 'हो, ११ जना प्रतिनिधि भएका छन् । निर्वाचन भएको होइन । जनताले हाम्रो लगानीलाई देखेर सर्वसम्मत बनाइदिएका हुन् । पाठकले भने, 'मैले बनाएको होइन । सर्वसम्मत भएका हुन् । हाम्रो परिवार २ सय जनाको छ । ११ जना हुनु कुनै ठुलो कुरा होइन ।'

हराएका पर्यटक ३७ दिनपछि फर्किए

दमक/ भोटेकोसीको विनाशकारी बाढीपछि ३७ दिनदेखि सम्पर्कविहीन एक मलेसियाली पर्यटक सकुशल स्वदेश फर्किएका छन् । उनी गत बिहीबार काठमाडौंस्थित मलेसियाली दूतावास पुगेपछि परिचय खुलेको र बाढीपछि बेपत्ता नागरिकको सूचीमा रहेको पुष्टि भएको थियो । त्यसको भोलिपल्ट शुक्रबार उनी मलेसिया फर्किएका हुन् ।

चिनियाँ मूलका ती मलेसियाली नागरिक एक्लै नेपाल घुम्न आएका थिए । बाढी आउनुभन्दा एक दिनअघि भदौ ९ गते उनी रसुवाको नागथलीमा रहेको परिवारले गठन गरेको 'मलेसिया सोलिडारिटी: फेमिलिज इन होप' समूहले जनाएको छ । भदौ १० गते आएको बाढीपछि सडक, पुल र सञ्चार सेवा अवरूद्ध हुँदा उनी परिवारको सम्पर्कबाट टाढिएका थिए ।

बाढीपछि सम्पर्कविहीन भएका ५५ मलेसियाली नागरिकमध्ये उनी एक्लै यात्रा गरिरहेका थिए । अन्य ५४ जना विभिन्न समूहमा नेपाल आएका थिए ।

उनी ३७ दिनसम्म कहाँ बसे, कसरी सुरक्षित रहे र कसको सहयोगमा काठमाडौं आइपुगे भन्ने विवरण भने अझै खुल्न सकेको छैन । परिवारले उनको सुरक्षित स्वदेश फिर्तीसँगै लामो समयदेखिको चिन्ता अन्त्य भएको जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

पुस्तक-साभार

सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

क्रान्तिको नेतृत्व

✍ **कृष्ण धारावासी**

पार्टी एक हुनु अघि नेपाली राष्ट्रिय कांग्रेसको गान्धीवादी अहिंसात्मक आन्दोलनको नीति अनुसार विराटनगर मजदुर आन्दोलन र दुई पल्टसम्म गरिएका सत्याग्रहहरूले राणा सत्तालाई खासै कुनै असर परेको थिएन । यद्यपि देश भित्र राणा विरोधी जनचेतना भने अत्यन्तै उर्ध्व गतिमा बढिरहेको थियो । मानसिक रूपमा जनतामा राणाकां विरूद्ध संगठित हुने आत्मबल ती आन्दोलनहरूले राम्ररी नै बढाइरहेका थिए । प्रजातन्त्र कांग्रेस भने सुरूदेखि नै सशस्त्र क्रान्तिको पक्षमा रहेकाले भित्रभित्रै हतियार र लडाकुको व्यवस्थापन र तालिममा लागिरहेकै थियो। जब पार्टी एक भयो यसमा मित्रभित्रै दुबै लाइनबाट अघि बढ्ने सम्झौता भएको थियो । बाह्य रुपमा हिंसात्मक आन्दोलनको लक्ष्य लिएमा भारत सरकारले त्यो आन्दोलनको समर्थन नगर्ने सम्भावना थियो किन भने भर्खरै सन् १९५० अर्थात् २००७ श्रवण १५ गते मोहनशमशेरले नेपालका तर्फबाट भारत सरकारसँग गरेको सन्धिको आधारलाई समातेर राणाहरूले भारत सरकारलाई दबाब दिन सक्थे र भारतले आफ्नो भूमिबाट नेपाल विरोधी गतिविधि गर्नमा रोक लगाउन सक्थ्यो । उक्त सन्धिमा निम्न कुराहरू उल्लेखित थिए ।

१) नेपाल र भारतबीच अटल शान्ति र मित्ता सचा कायम रहनेछ । दुबै देशले एकअर्काका पूर्ण स्वतन्त्रता र स्वाधीनतालाई स्वीकार्छन् ।
२) नेपाल र भारतबीच रहेको मैत्री सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा एकले अर्कालाई खबर गर्न मन्जुर छन् ।
३) दुबै सरकारले आफ्नो राज्यमा रहेका अर्को राज्यका रैतीलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास सम्बन्धी काम र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार गर्न कबुल गर्छन् ।
४) नेपाल र भारत सरकारले परस्पर कन्सुलेट जनरलहरू, कन्सुलेटहरू र अरू प्रकारका कन्सुलर प्रतिनिधिहरूको मन्जुर गरिएका शहर, बन्दरगाह र अरू स्थानहरूमा नियुक्ति गर्न पूर्ण मन्जुर छन् ।
५) कर्मचारी वर्गसहित प्रतिनिधिहरूद्वारा परम्परमा प्रचलित अन्तर्राष्ट्रिय सम्बन्ध राजदूत स्तरमा कायम गर्न दुबै देश मन्जुर छन् ।
६) नेपालले भारत सरकारको राज्यबाट वा उक्त राज्यको बाटो गरी आन्तरिक शान्ति सुरक्षाका लागि चाहिने हातहतियार, कलपुर्जा, गोली गठ्ठा, खरखजाना, मालसामानको आयात गर्न पाउनेछ ।
७) नेपाल सरकार र ब्रिटिस भारत सरकारका बीचमा भएका सबै सन्धि सम्झौता यसै सम्झौता बमोजिम खारेज गरिन्छन् ।
८) नेपाल र भारत सरकारले एक अर्काको नागरिकलाई निवास, सम्पत्तिको भोग, व्यापार वाणिज्यमा भाग लिन, घुमफिर गर्न र अरु त्यस्तै विशेषाधिकारहरू दिन मन्जुर गर्छन् ।
९) यो सन्धि हस्ताक्षर भएकै मितिदेखि लागु हुनेछ ।
१०) यो सन्धि कुनै एक मुलुकले एक वर्षको भाका दिई अन्त्य गर्न नखोजेसम्म जारी रहिरहनेछ । (गिरी, २०६५ पृष्ठ ८१)

सन् १९५० को यो सन्धि आजसम्म पनि विवादास्पद छ । नेपालका बामपन्थीहरूको भारत विरोधी दृष्टिकोण यही सन्धिको आधारलाई टेकेर उभिएको पाइन्छ । यो सन्धिको पालना गर्नु पर्दा औपचारिक रूपमा भारत सरकारले नेपाली क्रान्तिकारीहरूलाई आफ्नो भूमिमा गतिविधि गर्न दिनु सम्भव थिएन । त्यो कुरा नेपाली नेताहरूले बुझेकै कुरा थियो । साथै भारतीय गान्धीवादी नेताहरूको निकट रहेका मातृका, बी.पी. आदिहरूलाई उनीहरूको नैतिक सहयोग र सुझाव बारम्बार आवश्यक थियो। उनीहरूकै माध्यमबाट भारत सरकारसम्म विभिन्न सरसहयोगका लागि सम्वाद पनि भइरहेकै हुन्थ्यो । अर्कोतिर शान्तिपूर्ण आन्दोलनकै जगमा टेकेर त्यत्रो अंग्रेजी शासन ढालेको भारतीयहरूमा शान्तिपूर्ण आन्दोलनप्रति नै गर्व थियो । यही अभियान संसारभरि चलोस् भन्ने उनीहरूले सोच्नु स्वाभाविकै पनि थियो । सहयोगीहरूको मनोविज्ञानको कदर गर्दै आफ्नो आन्दोलनसमेत अघि बढाउनु पर्ने बाध्यताले गर्दा बाह्य रूपमा यस पार्टीको पहिचान शान्तिवादी थियो । तर मूर्ख र निरङ्कुश राणाहरूको जहानियाँ सत्ता सत्याग्रह र सामान्य नाराजुलुसले ढल्न सक्दैन भन्ने भित्रभित्रै सबैले बुझेकै कुरा थियो । त्यसैले भित्री रुपमा सशस्त्र क्रान्तिका लागि आवश्यक पर्ने वातावरण तयार गर्ने जिम्मा बी.पी. र सुवर्णका काँधमा थियो ।

क्रान्तिको तयारीको लागि बी.पी. र सुवर्णको जोडीको आन्तरिक सक्रियता अत्यन्त दुतत्तर गतिमा अघि बढ्न थाल्यो । आवश्यक लडाकु युवाहरू सम्पर्कमा आए पछि र तत्कालको लागि सुवर्ण र महावीर शमशेरले आफ्नै खजानाबाट समेत रकम दिने भए पछि हातहतियार जुटाउने काम शुरू भएको थियो । भारतका विभिन्न ठाउँबाट गोप्य रूपमा केही हतियारहरू जम्मा भइरहेका थिए तर एउटा देशको सिङ्गो सैनिक शक्तिसँग लड्न थोरै र कमशल हतियारले मात्र संभव थिएन। त्यसैले भर्खरै बर्मामा गठन भएको नयाँ सरकारमा सामेल रहेको बर्मिज समाजवादी पार्टीका नेताहरूसँग बी.पी.को घनिष्ट सम्बन्ध रहेकाले उहाँकै आग्रहमा वर्माका समाजवादी पार्टीका अध्यक्ष एवं प्रतिरक्षामन्त्री उवास्त्रेले नेपाली क्रान्तिका लागि हतियार दिन तयार भए । यसबाट क्रान्तिकारीहरूको मनोवल अत्यन्त उच्च भएको थियो। यता काश्मीरका मुख्यमन्त्री शेख अब्दुल्लाह पनि आवश्यक हतियार दिन तयार भए । क्रमश:....

राहत कोषमा ४७ लाख जम्मा

पाँचथर / पाँचथरको फिदिम नगरपालिकाले भोटेकोशी बाढी प्रभावितको सहयोगार्थ रु ४७ लाख ४९ हजार रकम सहयोग गरेको छ । फिदिम नगरपालिकाका जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीबाट संकलित उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको फिदिम नगरपालिकाका प्रमुख मित्रप्रसाद काफ्लेले जानकारी दिए । भोटेकोशी बाढीबाट प्रभावितको उद्धार, पुनर्स्थापना तथा राहतका लागि जनप्रतिनिधि, कर्मचारी र शिक्षकबाट रकम संकलन गरिएको उनले बताए ।

फिदिम नगरपालिकाले दैवी विपत्तिमा सबै निकायबिच सहकार्य भए मात्रै राहत, उद्धार र पुनर्स्थापना प्रभावकारी हुनसक्ने भन्दै यसका लागि तीन तहका सरकारबिच पनि प्रभावकारी समन्वयको आवश्यकता रहेको जनाएको छ । फिदिम नगरपालिकाले भोटेकोशी बाढीले पुऱ्याएको क्षतिप्रति दुःख व्यक्त गर्दै ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना व्यक्त गरेको छ ।

आज मिति
२०८३ साल
असोज २० गते
मंगलबार
6 Oct. 2026
तिथि: एकादशी श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	शिक्षामा रुचि । आँखा र पेटमा समस्या ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	विद्यामा सफल । सन्तानबाट सहयोग ।
तुला	हि हु हे हो डा डि डु डे डो	कुलको इज्जत बढाउने काम । रोजगारीको अवसर ।
मकर	भो जा जी खि खू खे खो गा गी	विपरित लिंगीबाट सहयोग । व्यापारबाट सामान्य लाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	काम गर्ने जाँगर बढ्ने । आयमा सामान्य बृद्धि ।
सिंह	मा मि मु मे मो टा टि टु टे	आँखामा समस्या । शुभ कर्ममा खर्च ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	नजिको मित्रबाट सहयोग । कायमा बाधा ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	किराना पसलबाट लाभ । शत्रु परास्त ।
मिथुन	का कि कु घ ङ छ के को हा	आफन्तबाट सहयोग । सामान्य खर्च बढ्ने ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	घरायसी सामान जोड्ने । आफन्तबाट सहयोग ।
धनु	य यो भा भी भ धा फा ढ भे	शारीरिक अंगमा केही समस्या । कार्यमा समस्या ।
मीन	दि दु थ झ ञ दे दो चा ची	कार्यमा बाधा । मन कुमार्गतिर लाग्ने सम्भावना।

दुग्ध उत्पादक सहकारी संस्था कमलको सम्मान

कमल/ ज्येष्ठ शेयर सदस्य र उत्कृष्ट कारोबारीहरूलाई सम्मान गर्दै नेपाल दुग्ध उत्पादक सहकारी संस्था कमल गाउँपालिका-४ झापाको १८ औं वार्षिक साधारण सभा उत्साहका साथ सम्पन्न भएको छ । कमल गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीको प्रमुख आतिथ्यतामा सम्पन्न साधारण सभामा सो सहकारी स्थानीय दुग्ध उत्पादक किसानहरूका लागि आशा र भरोषाको केन्द्र बन्दै गएको गाउँपालिकाको मूल्यांकन रहेको बताइन् ।

सहकारीको खर्च, आम्दानी र कारोबारको विवरण, लेखा प्रतिवेदन, जग्गा खरीद तथा भवन निर्माण, दुध संकलन र बिक्री, पशु आहारा साथै पशुदाना, बीउविजन र विषादीको सहुलियतमा व्यापार, दुधका विभिन्न परिकार, दही, घ्यू आइसक्रिमको बिक्री अनि सहुलियतमा किसान तथा पशुपालक किसानलाई कर्जा प्रवाहको स्थिति हेरेर यस्तो मूल्यांकन गरेको उनको भनाई थियो । सहकारीले पशुपालक किसानहरूका लागि बिना धितो र धितोसहित गरी ६ देखि १३ प्रतिशत व्याज लिएर कर्जा प्रवाह गर्दै आएको छ ।

२०५२ सालमा स्थापना भई विभिन्न आरोह अवरोका बीच २०६७ देखि वचत र कर्जा प्रवाहको कारोबार थालेको सो सहकारीमा हाल ६९६ जना शेयर सदस्य रहेका छन् । ती मध्ये सबैभन्दा ज्येष्ठ सदस्यहरू नौ जनालाई सोमबार साधारण सभाका अवसरमा दोसल्ला, अबिर टीका र सम्मान पत्रले सम्मान गरियो । त्यस्तै उत्कृष्ट कारोबारी तर्फ आवधिक वचतमा तुलसीप्रसाद तिम्सिना, मासिक वचतमा दुर्गाबहादुर मगर, दैनिक वचतमा कृष्णकुमार सापकोटा, उत्कृष्ट कृषकमा गीतादेवी दाहाल र गायत्रादेवी तिम्सिना, भैंसीपालनमा औंसनसिंह लिम्बू, बंगुरपालनमा नीता लिम्बू, कुखुरापालनमा माया पोखरेल, दुग्ध किसानमा छविलाल लुइँटेल, जीवनाथ भट्टराई र सीतादेवी सिग्देल तथा नियमित बाल वचतमा प्रियंका दंगाललाई विभिन्न कृषि तथा उपयोगी सामग्रीसहितका पुरस्कार र सम्मान पत्रले सम्मानित गरियो । एसईईमा उत्कृष्ट जीपीए ल्याउने शेयर सदस्य दुर्गाप्रसाद चम्लागाई र निरा गेलाल चम्लागाईकी छोरी सुदर्शना चम्लागाईलाई नगद पुरस्कार सहित प्रमाण पत्रले पुरस्कृत गरियो ।

सो सहकारीको शेयर पुँजी एक करोड ४२ लाख ७७२ रूपैयाँ र कारोबार ५८ करोड ७३ लाख ६९४ रहेको छ । साधारण सभामा सो सहकारीका अध्यक्ष रूपनारायण दाहालले प्रस्तुत गरेको प्रगति प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक खगेन्द्र भट्टराईले प्रस्तुत गरेको लेखा प्रतिवेदन आवश्यक छलफलपछि प्राप्त केही सुझावलाई समेटेर पारित गरिएको छ । कार्यक्रममा कमल-४ का वडाध्यक्ष चन्द्रप्रसाद भट्टराई, सहकारी समन्वय समिति कमलका अध्यक्ष प्रमोद दाहाल, जिल्ला सहकारी संघ झापाका सदस्य नारायणप्रसाद गौतम, संस्थाका सल्लाहकार संयोजक लोकबहादुर राई, पत्रकार पंकज दाहाल, धार्मिक व्यक्तित्व बलभद्र कँडेल लगायतको आतिथ्यता रहेको थियो । सहकारी संस्थाका उपाध्यक्ष तुफान राईले स्वागत मन्तव्य राखेको कार्यक्रममा कार्यक्रम संचालन सचिव चन्द्रप्रसाद आचार्यले गरेका थिए ।

साधारण सभामा सम्मानित हुने ज्येष्ठ शेयर सदस्यहरूमा भक्तिप्रसाद गौतम, छविलाल गौतम, प्रभाखर तिम्सिना, मोहनप्रसाद भट्टराई, पुष्पलाल तिम्सिना, चन्द्रबहादुर राई, तुलसादेवी गौतम, भिमादेवी दाहाल र लक्ष्मीदेवी दाहाल रहेका छन् । सम्मानित र पुरस्कृत हुनेहरूलाई प्रमुख अतिथि न्यौपाने, अन्य अतिथि र कार्यक्रमका अध्यक्ष दाहालले सम्मानित एवं पुरस्कृत गरेका थिए ।

अन्तर्राष्ट्रिय

डेमोक्रेट-रिपब्लिकनबीच कडा प्रतिस्पर्धा

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालको बाँकी दुई वर्षको राजनीतिक दिशा तय गर्ने महत्वपूर्ण मध्यावधि निर्वाचन आगामी नोभेम्बर ३ मा हुँदैछ ।

राष्ट्रपति ट्रम्पको नाम मतपत्रमा नरहे पनि कांग्रेसका दुवै सदन, ३६ राज्यका गभर्नर तथा हजारौँ राज्यस्तरीय पदका लागि हुने निर्वाचनले उनको प्रशासनको आगामी राजनीतिक मार्गमा प्रत्यक्ष प्रभाव पार्नेछ ।

निर्वाचनमा प्रतिनिधि सभाका ४३५ र सिनेटका ३५ सिटका लागि प्रतिस्पर्धा हुँदैछ । प्रतिनिधि सभामा बहुमत कायम गर्न २१८ सिट आवश्यक पर्छ। हाल रिपब्लिकनका २१८, डेमोक्रेटिकका २१४, एक स्वतन्त्र सदस्य रहेका छन् भने दुई सिट रिक्त छन् ।

सिनेटमा रिपब्लिकनका ५३ र डेमोक्रेटिकका ४७ सदस्य छन् । सिनेटमा बहुमत हासिल गर्न डेमोक्रेटिक पार्टीलाई थप चार सिट आवश्यक पर्नेछ ।

सेप्टेम्बर १४ र १५ मा गरिएको पीबीएस न्युज, एनपीआर र मारिस्टको सर्वेक्षणमा काङ्ग्रेसका उम्मेदवार छनोट गर्दा ५३ प्रतिशत दर्ता मतदाताले डेमोक्रेटिक उम्मेदवारलाई समर्थन गर्ने बताएका थिए। रिपब्लिकन उम्मेदवारलाई समर्थन गर्ने मतदाता ४१ प्रतिशत थिए ।

स्वतन्त्र मतदातामध्ये डेमोक्रेटिक उम्मेदवारको पक्षमा ५७ प्रतिशत र रिपब्लिकन उम्मेदवारको पक्षमा ३२ प्रतिशत समर्थन देखिएको सर्वेक्षणले जनाएको छ ।

सेप्टेम्बरमा सार्वजनिक विभिन्न सर्वेक्षणमा राष्ट्रपति ट्रम्पको अनुमोदन दर ३२ देखि ४१ प्रतिशतको बीचमा देखिएको छ । यसले मध्यावधि निर्वाचनमा ट्रम्पको लोकप्रियता र उनको प्रशासनप्रतिको जनमत महत्वपूर्ण बन्ने संकेत गरेको छ ।

दमक भेट्रान कप

भेट्रान च्यालेन्ज कपको उपाधिका लागि बिर्तामोड र दमक रातो भिड्दै

◆ सुजन गौतम

दमक / झापाको दमकमा बिहीबारदेखि सुरू भएको कोशी प्रदेश जिल्ला स्तरीय प्रथम भेट्रान च्यालेन्ज कप-२०८३ को चौथो दिनको पोहिले सेमिफाईनल खेलमा चन्द्रगढी भेट्रान र बिर्तामोड भेट्रान बीच भिडन्त भएको थियो । प्रतियोगिताको पाँचौं दिनको खेलमा निर्णायक पेनाल्टी गर्दै बिर्तामोड भेट्रानले चन्द्रगढी भेट्रान लाई १-० गोल अन्तरले पराजित गरेको छ ।

दमक-२ स्थित बेलडाँगी खेलमैदानमा जारी कोशी प्रदेश जिल्लास्तरीय प्रथम भेट्रान च्यालेन्ज कप-२०८३ अन्तर्गत भएको खेलमा बिर्तामोड भेट्रान फाइनलमा प्रवेश गरेको छ । खेलको निर्धारित समयको पहिलो हाफमा दुवै टोलीले गोल गर्न सकेनन् । दोस्रो हाफमा चन्द्रगढी भेट्रानका जर्सी नम्बर ५ का खेलाडीले पहैँलो कार्ड पाए पनि निर्धारित समयसम्म कुनै पनि टोलीले गोल गर्न सकेन । त्यसपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको थियो । पेनाल्टीमा दुवै टोलीले २-२ गोल गरेपछि खेल बराबरी भएको थियो । निर्णायक पेनाल्टीमा बिर्तामोड भेट्रानले १-० को जित निकाल्दै प्रतियोगिताको फाइनलमा स्थान सुरक्षित गरेको हो ।

त्यसैगरी सोही दिनको दोस्रो खेलमा दमक भेट्रान (रातो) र काकडभिट्टा भेट्रान बीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको दोस्रो खेलमा दमक रातो भेट्रानले काकडभिट्टा भेट्रान लाई निर्णायक पेनाल्टीमा बाट १-० गोल अन्तरले पराजित गरेको छ ।

खेलको निर्धारित समयको पहिलो हाफमा दुवै टोलीले गोल गर्न सकेनन् । हाफ टाइमपछि दमक भेट्रान (रातो) का जर्सी नम्बर ८ का खेलाडीले पहैँलो कार्ड पाए । हाफ टाइमपछि पनि दुवै टोलीबाट कुनै गोल हुन नसकेपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो ।

पेनाल्टीमा दुवै टोलीले ३-३ गोल गरेपछि खेल बराबरी भएको थियो । निर्णायक पेनाल्टीमा दमक भेट्रान रातोले १-० को जित निकाल्दै प्रतियोगिताको फाइनलमा स्थान सुरक्षित गरेको हो । यो खेलसँगै बिर्तामोड भेट्रान र दमक (रातो) भेट्रान प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

२१ गते बुधबार हुने फाइनलको खेल बिर्तामोड भेट्रान र दमक रातो भेट्रान बीच प्रतिस्पर्धा हुने छ । प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार रूपैयाँ तथा उपविजेताले ५१ हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

विजेताले प्राप्त गर्ने १ लाख रूपैयाँ पुरस्कार दमकस्थित माया क्याफेले सौजन्यस्वरूप सहयोग गरेको आयोजकले जनाएको छ । दमक भेट्रान फुटबल क्लबका अध्यक्ष गजेन्द्र देवानको अध्यक्षतामा प्रतियोगिता सञ्चालन भइरहेको छ ।

कांग्रेस...सञ्चालन र विधान सम्बन्धी प्रस्तावमाथि निर्णय गरेको छ ।

सभापति थापाले प्रस्तुत गरेको राजनीतिक प्रस्तावमा आगामी चार वर्षका लागि कांग्रेसको कार्यदिशा, सरकार, देशको समग्र अवस्था तथा अन्तर्राष्ट्रिय सम्बन्ध र दृष्टिकोणसमेत समेटिएको चालिसेले बताए । लोकतान्त्रिक संस्थालाई सबल बनाउनु आगामी दिनको प्रमुख चुनौती रहेको उल्लेख गर्दै कांग्रेसको मूल सिद्धान्त राष्ट्रियता, लोकतन्त्र र समाजवाद नै भएको उनले बताए ।

कांग्रेसले आगामी निर्वाचनमा उम्मेदवार छनोटका लागि नेतृत्व विकास र क्षमता अभिवृद्धिलाई प्राथमिकता दिने नीति अघि सारेको छ । नेतृत्व एकेडेमीबाट प्रशिक्षण तथा अध्ययन पूरा गरेका व्यक्तिलाई उम्मेदवार बनाउने अवधारणा अघि सारिएको चालिसेले बताए ।

यसबाट सक्षम नेतृत्व निर्माण तथा सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने कांग्रेसको अपेक्षा छ । बैठकले विधान संशोधनसम्बन्धी प्रस्तावमा समेत सुझावसहितको प्रारम्भिक खाका अघि बढाएको छ ।

महामन्त्रीले पेश गरेको प्रस्तावमा पार्टीलाई कसरी सञ्चालन गर्ने, निर्णय प्रक्रिया कसरी अघि बढाउने तथा पार्टीका विभिन्न तहमा जिम्मेवारी र संरचना कसरी व्यवस्थित गर्ने भन्ने विषय समेटिएको चालिसेले जानकारी दिए ।

नयाँ विधानको प्रारम्भिक खाकामा वडा, क्षेत्र र जिल्ला तहमा थप पद सिर्जना गर्ने प्रस्तावसमेत गरिएको छ। तर,यो अन्तिम निर्णय नभएको कांग्रेस प्रवक्ता चालिसेले स्पष्ट पारे । उनका अनुसार अहिले सार्वजनिक गरिएको संरचना प्रारम्भिक खाका मात्रै हो ।

१५औँ महाधिवेशनको बन्दसत्रमा प्रस्ताव प्रस्तुत भएर प्रतिनिधिहरूले पारित गरेपछि मात्रै त्यसले अन्तिम रूप पाउनेछ ।

कांग्रेसमा २ सय ३२ सदस्यीय केन्द्रीय समितिमध्ये ६१ मनोनीत हुने

नेपाली कांग्रेसको १५औँ महाधिवेशनका क्रममा हुने निर्वाचनबाट २३२ सदस्यीय केन्द्रीय समितिमध्ये १७१ जना केन्द्रीय सदस्य निर्वाचित हुने भएका छन् । यस्तै ६१ जना मनोनीत हुनेछन् । सोमबार कांग्रेसको महाधिवेशनस्थल खुलामञ्चमै बसेको केन्द्रीय समिति बैठकले केन्द्रीय समितिको आकार टुंगो लगाएको हो ।

जसअनुसार प्रत्यक्ष खुलातर्फ ४५ जना, महिला प्रत्यक्षतर्फ १२ जना, प्रदेशतर्फ २८ जना, दलिततर्फ १२ जना, आदिवासी जनजातितर्फ १७ जना, खसआर्यतर्फ १५ जना निर्वाचित हुनेछन् ।

यस्तै, मधेसीतर्फ ११ जना, थारूतर्फ ५ जना, मुस्लिमतर्फ ३ जना, पिछडिएको क्षेत्रतर्फ २ जना, अल्पसंख्यक र अपांगतातर्फ १(१ जना तथा श्रमिकतर्फ ३ जना निर्वाचित हुनेछन् ।

यस्तै, पेशागततर्फ ७ जना र युवा (प्रदेश) तर्फ २१ जना निर्वाचित हुनेछन् । यस्तै प्रजातन्त्र सेनानि, द्वन्द्व पीडित र सहिद परिवार गरी ३ जनाा निर्वाचित हुनेछ । केन्द्रीय समितिको यो निर्णय बन्दसत्रले पारित गरेपछि कार्यान्वयनमा जानेछ ।

लखनपुर....अब भने पानीको हाहाकार हट्यो, हामीलाई पनि ढुक्क भएको छ । नभए उपभोक्ताको गुनासो र विरोधले हामीलाई बस्नु खानु थिएन ।' अहिले चाँजु टुक्रेको बोरिङ्गबाट फिल्टरमा पठाइ खानेपानीलाई सीधै पाइपलाइन मार्फत् उपभोक्ताका धारामा वितरण गरिएकोले पनि पानीको फोर्स मजबूत देखिएको छ ।

राजमार्ग उत्तर १६० एम.एम.को पाइप ४ किलोमिटर विछ्याइएको छ । तर चाँजु टुक्रेमा अहिले १७ करोडको खानेपानी योजना परेको छ । संघीय सरकारको यो योजनाभित्र रहेर नै अहिले २ करोड २० लाख बराबरको शुरूवाती काम भइसकेको छ । जसमा त्यहाँ रहेको ४ कठ्ठा जग्गामा कम्पाउण्ड वाल लगाइएको, तिन कोठे आवास भवन बनाइएको, एक सेट फिल्टर प्लान्ट जडान गरिसकिएको, २० वाट क्षमताको मोटर सहितको एउटा बोरिङ्ग गाडिएको र थ्री फेजको विद्युत लाई विस्तार गर्ने काम भएको छ । अब ४ लाख ५० हजार लिटर क्षमताको ओभरहेड ट्याङ्की बनाउनका लागि डिपीआर तयार भइसकेको अध्यक्ष निरौलाले जानकारी गराए ।

यो परियोजना भित्र लखनपुरका बाहिरी र भित्री सबै बाटाहरूमा पुरानोलाई विस्थापित गरी नयाँ पाइपलाइन विस्तार गरिनेछ । पाइप नविछ्याएका ठाउँमा नयाँ पाइप विछ्याइनेछ । कुनै पनि साना बाटाहरूमा समेत खानेपानीको पाइपलाइन विछ्याइने लखनपुर सामुदायिक खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थका अध्यक्ष निरौलाले प्रष्ट पारे । यसो गर्दा झण्डै १५ किलोमिटर पाइप विछ्याउने योजना रहेको छ । यति भएपछि बस्ती बढेपनि लखनपुर क्षेत्रमा अबको १० वर्ष खानेपानीको अभाव महशूस नहुने अध्यक्ष निरौलाको प्रक्षेपण छ । लखनपुर खानेपानीले हाल कमल गाउँपालिकाको वडा नं.५ र ६ पुरै, साथै वडा नं ४ र ७ का आशिंक क्षेत्रमा खानेपानी उपलब्ध गराइरहेको छ ।

सीमा...सदरमुकामबाट भौगोलिक रूपमा टाढा र सहज पहुँच नभएका सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी प्रभावकारी बनाउन अनुगमन गरिएको बताए । मुख्य नाकाबाहेकका वैकल्पिक सडक तथा ग्रामीण मार्गमा हुनसक्ने अवैध ओसारपसार तथा तस्करीलाई सुक्ष्म रूपमा निगरानीमा राखिएको उनको भनाइ छ ।

इलाम, पाँचथर र ताप्लेजुङलगायतका जिल्लाबाट झापाको बाटो हुँदै भारततर्फ अवैध निकासी हुनसक्ने सम्भावनालाई मध्यनजर गरी संवेदनशील क्षेत्रमा सुरक्षा गस्ती बढाइएको हो । यसबाट सम्भावित राजस्व चुहावट नियन्त्रणसँगै सीमा क्षेत्रमा हुने अवैध वस्तुको ओसारपसार, सीमा अपराध

रोक्न सहयोग पुग्ने प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए ।

उनका अनुसार सीमावर्ती क्षेत्रमा हुनसक्ने सम्भावित अवैध गतिविधिको सूचना तत्काल आदानप्रदान गरी आवश्यक कारबाहीका लागि सुरक्षा निकाय परिचालन गर्ने व्यवस्था मिलाइएको छ । जिल्ला प्रहरी कार्यालय झापा र सशस्त्र प्रहरी बल नेपालका सम्बन्धित युनिटलाई आ(आ ँनो कार्यक्षेत्रमा नियमित गस्ती तथा 'पेट्रोलिङ' प्रभावकारी बनाउन निर्देशन दिइएको छ ।

सीमावर्ती क्षेत्रमा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरीका सम्बन्धित युनिटले अवैध गतिविधि नियन्त्रणका लागि गरेका प्रयास, सुरक्षा उपस्थिति, गस्ती तथा कारबाहीको अवस्थाबारे प्रत्येक १५ दिनमा जिल्ला सुरक्षा समितिमा विवरण बुझाउनुपर्ने व्यवस्था गरिएको छ । प्राप्त विवरणका आधारमा सीमावर्ती क्षेत्रको सुरक्षा अवस्था मूल्या□न गरी आवश्यक रणनीति तय गरिने प्रजिअ पोखरलले बताए ।

अनुगमनमा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक वसुन्धरा खड्का, सशस्त्र प्रहरी बल नेपाल नं २ गण झापाका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्य, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका उपअनुसन्धान निर्देशक उमेश पाण्डेलगायत सुरक्षा निकायका अधिकारीको सहभागिता थियो ।

प्रजिअ पोखरेलका अनुसार नजिकिँदै गरेको चाडपर्वका समयमा सीमावर्ती क्षेत्रबाट पटका तथा अन्य अवैध सामग्रीको ओसारपसार हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै त्यसतर्फ थप सतर्कता अपनाउन सुरक्षा निकायलाई निर्देशन दिइएको छ ।

भूमिहिन....सार्वजनिक महत्वका क्षेत्र तथा जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन सुकुम्बासीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने र काठमाडौं उपत्यकाबाट विस्थापित परिवारलाई उनीहरूको स्थायी वतन भएको जिल्लामै भूमि व्यवस्थापन गर्ने योजना रहेको उनले उल्लेख गरेका छन् ।

झुटो विवरण दिएर आफूलाई भूमिहीन देखाउनेहरूको अभिलेख भिडान गरी कानुनी कारबाहीको प्रक्रिया पनि सुरू गरिएको शाहले बताएका छन् । भूमि समस्या समाधानका लागि भूमि सम्बन्धी ऐन, वन ऐनलगायत कानुनमा आवश्यक सुधार गर्ने तयारीसमेत सरकारको रहेको उनको भनाइ छ ।

प्रधानमन्त्री शाहले विगतमा विभिन्न सरकार र संरचनाले भूमि समस्या समाधानको प्रयास गरे पनि अपेक्षित परिणाम आउन नसकेको उल्लेख गरेका छन् । उनका अनुसार २०७७ देखि गत वर्षसम्म मात्रै भूमि समस्या समाधानका नाममा बनेका विभिन्न संरचनामा राज्यको दुई अर्ब रूपैयाँभन्दा बढी खर्च भएको थियो ।

अब राजनीतिक भागबन्डाभन्दा विषयविज्ञता, स्थानीय तहसँगको समन्वय र स्पष्ट जिम्मेवारीका आधारमा काम अघि बढाउने शाहले बताएका छन् । उनले जिल्ला जिल्लामा भूमिहीनको समस्या समाधान गर्दै क्रमश: 'सुकुम्बासी समस्यामुक्त जिल्ला' घोषणा गर्ने लक्ष्यसमेत अघि सारेका छन् ।

भूमिहीनलाई लालपुर्जा वितरणको काम भने विभिन्न जिल्लामा सुरू भइसकेको छ । भूमि समस्या समाधान समितिका अनुसार बर्दियाबाट समेत भूमिहीन परिवारलाई लालपुर्जा वितरण सुरू गरिएको छ ।

६९ देशका....गरेका हिमालमध्ये सबैभन्दा धेरै मनास्लु (८, १६३ मिटर) रहेको छ । मनास्लु आरोहणका लागि मात्रै ४३ टोलीका ५०० जना आरोहीले अनुमति लिएका छन् । उनीहरूबाट विभागले २२ करोड ५८ लाख ५७ हजार १८९ रोयल्टी संकलन गरेको छ ।

विभागका अनुसार धौलागिरि-१ आरोहणका लागि चार टोलीका ३४ जना, पुथा हिउँचुलीका लागि दुई टोलीका २० जना, डाङ्गा हिउँचुलीका लागि दुई टोलीका १६ जना, बरूणत्से हिमालका लागि एक टोलीका १० जनाले आरोहण अनुमति लिएका छन् ।

यस्तै, मकालु, गंगापूर्णा पश्चिम (लाङ्चेनेल), थोरोङ पिक, नोर्बु खाङ, अन्नपूर्ण-४, चाम्लाङ, लमजुङ हिमाल, पुमोरी, सारिबुङ, थापा पिक (धाम्पुस), पोखर खाङ, अर्दाङ र पेरीलगायत हिमालका लागि अनुमति प्रदान गरिएको विभागले जनाएको छ ।

विभागले उक्त हिमाल आरोहणका लागि जारी गरेको आरोहण अनुमतिबाट १५ लाख ७१ हजार ६५९ अमेरिकी डलर अर्थात् २३ करोड ८९ लाख ६४ हजार २९८ नेपाली आम्दानी गरेको छ ।

रंगशालाका लागि थप ८ बिगाहा जमिनको खोजी

इटहरी / इटहरी रंगशालाको विकासका लागि नेपाल सरकारले निर्णय गरेको थप ८ विगाहा जमिन तत्काल उपलब्ध गराउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। राखेपका पूर्व सदस्य सचिव केशवकुमार विष्टले सरकारले १६ विगाहा जमिन दिने निर्णय गरे पनि हालसम्म ८ बिघा मात्र उपयोगका लागि उपलब्ध गराएको जानकारी दिए ।

सञ्चारपाटीको आयोजना तथा राष्ट्रिय जागृति क्लब इटहरीको संयोजनमा भएको इटहरीको खेलकुदसम्बन्धी छलफलमा विष्टले प्रारम्भिक ८ बिघा जमिन उपयोग भइसकेपछि बाँकी जग्गा दिने निर्णय भएको बताए । उनका अनुसार बाँकी जमिनमा अभ्यास मैदान, स्वीमिङ पुल र खेलाडी आवास निर्माण गर्न सकिन्छ। अभ्यास मैदान छुट्टै हुँदा मुख्य रंगशालाको मैदान सुरक्षित रहने र बाहिरबाट आउने खेलाडीलाई आवासको सुविधा हुने उनको भनाइ थियो ।

विष्टले रंगशालाका संरचना प्रदेशमातहत रहे पनि इटहरीभित्र रहेकाले यसको संरक्षण र मर्मतमा उपमहानगरपालिकाले चासो दिनुपर्ने बताए । इटहरीलाई 'स्पोर्टस् सिटी' घोषणा गर्दै स्पोर्टस् बैंक र दीर्घकालीन खेलाडी प्रोत्साहन कोष स्थापना गर्न सकिने प्रस्ताव पनि उनले अघि सारे ।

कार्यक्रममा सहभागी खेलाडी, प्रशिक्षक, खेल पत्रकार तथा सरोकारवालाले इटहरीमा खेलकुदको पर्याप्त सम्भावना भए पनि योजनाबद्ध विकास हुन नसकेको बताए। उनीहरूले खेल एकेडेमी स्थापना, नियमित प्रतियोगिता, दक्ष प्रशिक्षकको व्यवस्था तथा खेलाडीलाई छात्रवृत्ति र प्रोत्साहन आवश्यक रहेको धारणा राखे । क्यान सुनसरीका पूर्वअध्यक्ष सीपी पौडेलले इटहरीमा सुविधासम्पन्न क्रिकेट मैदान निर्माण गरी एनपीएललगायतका प्रतियोगिता आयोजना गर्न सकिने बताए। उनले खेलकुद नीति निर्माण, वार्षिक स्पोर्टस् ओलम्पिक तथा विभिन्न खेलका दक्ष प्रशिक्षकको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com